# मायादेवी गाउँपालिकाको वार्षिक प्रगती प्रतिवेदन

आ व: २०७७|०७८

प्रस्तुत कर्ताः कृष्ण प्रसाद तिमिल्सिना

प्रमुख प्रशासकिय अधिकृत

11/8/2021


मयादेवी वडा नं. ५ मा अवस्थित
सिसहनियाकोट
11/8/2021

# मायादेवी गाउँपालिकाको संक्षिप्त परिचय

* नेपालको संविधान (२०७२) मा भएको व्यवस्था बमोजिम नेपाल सरकारले मिति २०७३ फागुन २७ गते निर्णय गरी गाउपालिकाको गठन भएको,
* कपिलवस्तु जिल्लाको पूर्विभेगमा अवस्थित रहेको छ ।
* यो पालिका साविकका ८ वटा गा.वि.स. समेटेर गठन भएको हो ।
* यो पालिका भगवान गौतम बुद्धको कृडा स्थलमा रहेको र माता मायादेवीको नामले परिचित छ ।
* यो गाउँपालिका कपिलबस्तु नगरपालिका र यशोधरा गाउँपालिकाको पूर्व , शुद्धोधन गाउँपालिका को पश्चिम , बाणगंगा नगरपालिकाको दक्षिण र भारत सिमाना अलिगढवाको उत्तर यति चार किल्ला भित्र अवस्थित रहेको छ ।
* यो पालिका जनसंख्याको हिसावले नेपालको पाँचौ ठूलो गाउँपालिका हो ।
* २०६८ सालको जनगणना अनुसार ४८,२१८ जनसंख्या रहेको छ ।
* घरधुरी संख्या: ६,५०७
* क्षेत्रफल: ८८.५३ वर्ग कि.मि.

# आ.व. ०७६।०७७ को प्रगति विवरण :

## वित्तिय प्रगति :

| क.स. | विवरण | कुल आम्दानी रकम | कुल खर्च रकम | खर्च प्रतिशत |
|---|---|---|---|---|
| 1 | संघीय सरकारबाट प्राप्त अनुदान | ४७,७३,०९,८९०.०० | ४०,३४,३३,३३२.८८ | ८४.५% |
| 2 | प्रदेश सरकारबाट प्राप्त अनुदान | ५,५५,७८,८००.०० | ४,६६,४७,१६५.१४ | ८४.0% |
| 3 | अन्य निकायबाट प्राप्त अनुदान | १,२२,५०,०००.०० | १,१२,७०,०००.०० | ७३.0% |
| 4 | आन्तरिक आय | १,१८,७९,६३२.४७ | ९४,०३,७०५.९७ | ७९.0% |
| 5 | कुल जम्मा | ५५,७०,१८,३२२.४७ | ४७,०७,५४,२०२.९९ | ८४.५% |

# भौतिक प्रगति :

| क्र.स. | विवरण | कि.मी./ संख्या |
|---|---|---|
| १ | सडक (पक्की) RCC/PCC समेत | ४.९४ कि.मी./ ६० वटा |
| २ | कच्ची (ग्राभेल) | ८.०० कि.मी./२० वटा |
| ३ | खानेपानी योजना | ३१५वटा हैण्डपाईप र १००वटा बोरिंग गरी जम्मा ४१५ वटा हैण्डपाईप र बोरिंग जडान भएको |
| ४ | शिक्षा (विद्यालय भवन) | ४ वटा, (३ नं.वडामा २वटा र ८ नं. वडामा २वटा) |
| ५ | स्वास्थ्य सेवा (अस्पताल नर्सिङ, स्वास्थ्य चौकी) | २ वटा |

# योजनाको विवरण :

कुल योजना संख्या
४७८
सम्पन्न योजना
४२७

रु ५ लाख भन्दा
माथि १० लाख
सम्मको लागत भएका
योजना संख्या ३२
वटा

रु १ लाख देखि ५
लाख सम्मको लागत
भएका योजना
सख्या
४२६ वटा

रु १० लाख भन्दा
माथि ५० लाख
सम्मको लागत भएका
योजना संख्या
१७ वटा

रु ५० लाख भन्दा
माथीको लागत
भएका योजना
संख्या
३ वटा बहुवर्षिय
निरन्तर

# सामाजिक सुरक्षा भत्ता बितरण :

| क.स. | बितरण विवरण | संख्या | रकम रु. |
|---|---|---|---|
| १ | जेष्ठ नागरिक भत्ता (७० बर्ष माथि) | ६७८४ | ८,०५,०४,००१.०० |
| २ | जेष्ठ नागरिक भत्ता (दलित) | ११८४ | ९४,४६,९६७.७५ |
| ३ | जेष्ठ नागरिक एकल महिला | ९३९ | ७४,१८,६४१.१३ |
| ४ | विधवा | १०८० | ७५,१३,९९७.९८ |
| ५ | पूर्ण अपांगता भत्ता | १०९ | १२,९०,०००.०० |
| ६ | अति अशक्त अपांगता भत्ता | २७१ | १५,६१,०८३.८७ |
| ७ | क्षेत्र तोकिएका बालबालिका | ३६५५ | ५७,८५,२५१.६५ |
| ८ | लोपन्मुख बालबालिका | ३ | ३०,०००.०० |
| ९ | दलित बालबालिका | १३३० | २०,३८,४७१.७५ |
| १० | लोपन्मुख जाति | ३५६ | ४२,६०,०९३.७५ |
| | **जम्मा** | १५७११ | ११,९८,४८,५०८.८८ |

## भवन तथा पूर्वधार :

| क.स. | भवनको विवरण | अवस्था |
|---|---|---|
| १ | केन्द्रको प्रशासकिय भवनको अवस्था | निर्माणाधीन अवस्थामा रहेको (७०% कार्य सम्पन्न भईसकेको) |
| २ | वडा कार्यालयको भवनको अवस्था | वडा नं.१, ४ र ८ को वडा कार्यालय भवन निर्माणाधीन अवस्थामा रहेको ( ७०% कार्य सम्पन्न भईसकेको) र बाकी ५ वटा वडा कार्यालय साविक गा.वि.स.को भवनमा संचालित रहेको |
| ३ | सभाहल वा अन्य भवनको अवस्था | निर्माणाधीन अवस्थामा रहेको (६०% कार्य सम्पन्न भईसकेको) |

- **दमकल** : खरिदको प्रकृयामा छ ।

- **एम्बुलेन्स** : हाल गाउँपालिकाबाट ४ वटा र संस्थागत ३ वटा गरी जम्मा ७ वटा एम्बुलेन्सहरु गाउँपालिकामा संचालन अवस्थामा रहेका छन् साथै थप ४ वटा प्राप्त हून बाँकी ।

# सामाजिक विकासका अवस्था :

| क.स | विवरण | संख्या | अवस्था |
|---|---|---|---|
| १ | बालमैत्री स्थानिय शासन | ० | कार्यन्वयनको प्रकृयामा रहेको, कार्यविधि निर्माण भईसकेको । |
| २ | पूर्णखोप, पूर्ण साक्षर घोषणा | • पूर्णखोप घोषणा भईसकेको ।<br>• आठै वटा वडा पूर्ण साक्षर घोषणा भईसकेको । | • आठै वटा वडा सहित गाउँपालिका समेत मिति २०७८।०१।०९ मा पूर्णखोप घोषणा भईसकेको ।<br>• गाउँपालिका बहेक आठ वटै वडाहरु पूर्णसाक्षर घोषणा भइसकेको । |
| ३ | फोहोर मैला व्यवस्थापन | ० | कार्यन्वयनको चरणमा रहेको । |
| ४ | बातावरण मैत्री स्थानिय शासन लागु भएको | ० | जनचेतना कार्यक्रम र कार्यविधिको मस्यौदा तयार भएको । |
| ५ | छाडा पशु व्यवस्थापन | १ | जनचेतनामुलक (टोल, बस्तीमा माईकिंग तथा पम्पलेटिंग) कार्यक्रम गरेको र १ वटा [illegible] |

## जनशक्ति विवरण :

| क.स. | कर्मचारी विवरण | स्वीकृत दरबन्दी | पदपूर्ति | रिक्त |
|---|---|---|---|---|
| १ | प्रशासनिक कर्मचारी | ३२ वटा दरबन्दी रहेको । | २० वटा पदपूर्ति भएको । | १२ वटा रिक्त रहेको । |
| २ | प्राविधिक कर्मचारी | २६ वटा दरबन्दी रहेको । | १३ वटा पदपूर्ति भएको । | १३ वटा रिक्त रहेको । |
| ३ | करार/ज्यालादारी | – | गाउँपालिकामा जाम्म ४२ जना कर्मचारी सेवा करारमा कार्यरत रहेको । | – |

# मायादेवी गाउँपालिका न्यायिक समितीले २०७८ असार मसान्तसम्मा सम्पादन गरेको कार्य प्रगती

**प्राप्त उजुरी**
**१९**

मेलमिलाप गराइ फर्छ्यौट भएको संख्या
११

न्यायिक समितिव्दारा फैसला/ निर्णय भएको संख्या
३

सम्पर्कमा नअई फर्छ्यौट हुन वाकि संख्या
५

## निर्माण भएका ऐन, कानूनहरु :

| क्र.स. | विवरण | संख्या |
|---|---|---|
| १ | ऐन,कानून | ९ वटा |
| २ | नियमावली | ४ वटा |
| ३ | कार्यविधि | ८ वटा |
| ४ | निर्देशिका | १ वटा |
| ५ | मापदण्ड | १ वटा |
| | जम्मा | २३ वटा |

# आ.व.०७७।०७८ को बेरुजु विवरण :

- गत आ.व.को हाल सम्मा म.ले.प.नभएको अवस्था छ ।

# गत आ.व.मा भएका उदाहरणिय कार्यहरु :

## भौतिक विकास तर्फ :

- रू. ५० लाख भन्दा माथिका ३ वटा योजना बहुवर्षिय योजनाकोरूपमा टेन्डरभइ हल निरन्तररूपमा संचालनमा रहेको ।
- यस गाउँपालिकाको वडा नं.५ र ७ को बलुहवा र करमहवामा डिप ट्यूवेल जडान भएको ।
- हरनामपुर प्रा.स्वा.के.मा वर्थिंग सेन्टर निर्माण गर्नुका साथै एक्स-रे मेसिन समेत खरिद भइ हाल संचालनमा रहेको एवं नेपाल सरकार स्वास्थ्य मन्त्रालयबाट १५ सैया अस्पतालको टेन्डरभई निर्माणाधीन अवस्थामा रहेको ।
- वसन्तपुर, बलुहवा, सिसवा र बरकुलपुरको कालोपत्रे सडक निर्माणाधिन अवस्थामा रहेको ।

* **सामाजिक विकास तर्फ** : ४-दिने शिविर संचालन गरी अपांग परिचयपत्र वितरण, जेष्ठ नागरिक एवं अन्तराष्ट्रिय महिला दिवस लगायत विभिन्न तालिम तथा गोष्ठीहरू संचालन गरिएको ।

## स्वास्थ्य तर्फ :

- विगतका दिनमाहरूमा बाँकी रहेका वडाहरू लगायत गाउँपालिका स्तरीय मिति २०७८/०१/०९ मा पूर्ण खोप घोषणा गरियो ।
- वडा नं.३,७ र ८ मा कोभिड अस्थायी अईसोलेसन अस्पताल निर्माण गरी जनसमुदायलाई महामरीबाट उद्धार एवं नियन्त्रण गरिने कार्य गरियो ।
- मूख्यमन्त्री ग्रामिण विकास योजना तथा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत विभिन्न सामाजिक तथा भैतिक पूर्वाधार विकास सम्बन्धी कार्यक्रमहरू संचालन गरियो ।
- वडा नं.८, विजुवामा स्वास्थ्य ईकाइको भवन निर्माण कार्य सम्पन्न भई हाल संचालनको अवस्थामा रहेको ।

**शिक्षा तर्फ** : स्वयमसेवक शिक्षक भर्ना , बिद्यालयमा बालबालिकहरुलाई प्रोत्साहन गर्न झोला तथा स्टेशनरी बितरण गरिएको , मदरसाका बिद्यार्थीहरुलाई १ देखि ३ कक्षाका बिद्यार्थीहरुलाई पाठ्य पुस्तक बितरण गरिएको , गाउँपालिका भित्रका सबै शैक्षिक संस्थाहरुलाई मास्क र साबुन र थर्मल गन बितरण गरिएको । कक्षा १० र १२ का उत्कृष्ट अंक ल्याउने दुईजना छात्र र २ जना छात्राहरुलाई साइकल पुरस्कृत गरिएको ।

**आर्थिक विकास तर्फ** :

- ❖ कृषकहरुको बालिनालि संरक्षण तथा बाह्रै महिना मौसमी एवं बेमौसमी तरकारी खेती पर्वद्धनका लागि क्षतिग्रस्थ बनाएका छाडा पशुहरु नियन्त्रणका लागि पालिकाको तर्फबाट जनचेतना कार्यक्रम (माईकिंग, पम्पलेटिंग) तथा काञ्जीहाउस निर्माण जस्ता कार्यहरु अगडी बढईएको ।
- ❖ पलिकाभित्रका जनताहरुलाई सिचाईका लागि स्यालो ट्युबेल, बोरिंग तथा बाँध बनाउने कामलाई निरन्तरता प्रदान गरी सिंचाई सम्पन्न पालिका बनाउने लक्ष्य अवलम्बन गरिएको ।

* पाँच वर्ष भित्रमा गाउँपालिका भित्र एक घर एक धारा निर्माण गर्ने लक्ष्य अनुरुप खानेपानिका वृहत आयोजनाहरु सञ्चालनमा ल्याईएको,
* सडक सौर्य बत्ति विस्तार कार्यलाई निरन्तरता दिईएको ।
* गाउका समस्या गाउँवाटै समाधान गर्ने उद्धेश्यले मेलमिलाप कर्ताकोको छनोट तथा तालिम समेत उपलव्ध गराई न्यायिक निरुपणको कार्यलाई वडास्तरबाटै सम्पादन गर्ने कार्यको थालनी गरीएको ।

# चुनौती र समस्या

- दक्ष जनशक्तीको अभाव,
- उपभोक्ता समितिको लागत सहभागीता नदेखिनु,
- कानुन निर्माणमा जटिलता अथवा कानुनी समस्या रहेको ।
- वजेट निकासामा कमि,
- जनसमुदायमा शिक्षा तथा जनचेतनाको कमी,
- स्रोत साधनको कमी,
- कोभिड १९ को विषम परिस्थीति,

# प्रदेश तथा संघीय सरकार संगको अपेक्षा :

* सम्पूरक र विशेष कार्यक्रम वजेट वृद्धी गर्नुपर्ने र कार्यान्वयन प्रकृया सहज गर्नुपर्ने ।
* कर्मचारीहरुको सरुवा एक निश्चित समयमा हुनुपर्ने ।
* कानुनको अस्पष्ठताका कारण कतिपय कामकारवाहि अगाडी बढाउन समस्या भएकोले ऐन, कानुन तथा कार्यविधि समयमै बनाइ सहयोग गर्नुपर्ने ।
* कर्मचारी पदपूर्ति समयमै हुनुपर्ने,
* प्रदेश सरकारबाट सञ्चालित योजनाहरुको समयमै अनुगमन हुनुपर्ने,
* कृषि तथा पशु जन्य उत्पादित सामाग्रिको उचित भण्डारण तथा बिक्रीबितरणका लागि पालिका भित्रै शीतगृह (कोल्ड स्टोर) तथा बजार व्यवस्थापनको लागि आवश्यक सहयोगको अपेक्ष लिंएकाछौं ।

# मायादेवी गाउँपालिकाभित्र निर्माण भएका प्रशासकीय भवन, वडा कार्यालय भवन तथा सभाहल ।






# गाउँपालिकाभित्र कालोपत्रे बाटो निर्माण कार्य हुँदै गरेको ।






# गाउँपालिकामा डिप बोरिंग तथा मन्दिर निर्माण भएको दृश्य ।





# गाउँपालिका अन्तर्गत संचालन गरिएका प्रधानमन्त्री रोजगार कार्यक्रमको दृश्य ।






# गाउँपालिकाभित्र हैण्डपाईप तथा पि.सि.सि.निर्माण कार्य सम्पन्न भएको दृश्य ।






# गाउँपालिकाद्धारा साईकल तथा पोषण सामाग्री वितरण गरेको दृश्य ।







11/8/2021

# गाउँपालिकाबाट आयोजित राष्ट्रपति रनिंग कप ।






# गाउँपालिकाद्धारा आयोजित थारु जातिहरुको पहिचान कार्यक्रम ।





# गाउँपालिकाको वडा नं.५ साक्षर घोषणा तथा अन्तरकृया गोष्ठी को दृश्य






# सार्वजनिक सूनूवाई कार्यक्रम ।






# धन्यवाद

## जय मायादेवी